आज मिति २०७६।०९।२७गते सोमवारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाँउकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल भई देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| १. श्री निमबहादुर के.सी. | अध्यक्ष, दार्मा गाउँपालिका |
| २.श्री टीका शर्मा वली | उपाध्यक्ष, दार्मा गाउँपालिका |
| ३.श्री अमृत खड्का | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ३. श्री कविकुमार चन्द | वडा नं. १, वडा अध्यक्ष |
| ४.श्री डिल्ली बहादुर के.सी. | वडा नं. २, वडा अध्यक्ष |
| ५.श्री सेतिराम रोकाहा | वडा नं.३ ,वडा अध्यक्ष |
| ६.श्री चन्द्र बहादुर रावत | वडा नं. ४, वडा अध्यक्ष |
| ७.श्री रामबहादुर के.सी. | वडा नं. ५, वडा अध्यक्ष |
| ८.श्री दुर्गा बहादुरमल्ल | वडा नं. ६, वडा अध्यक्ष |
| १०.श्री अमृताकामी | कार्यपालिका सदस्य |
| ११.श्री सन्तारामकामी | कार्यपालिका सदस्य |
| १२.श्री मन्जु शाही | कार्यपालिका सदस्य |
| १३.श्री जुनामल्लचन्द | कार्यपालिका सदस्य |
| १४.श्री देवीखत्री | कार्यपालिका सदस्य |
| १५.श्री धनिराम नेपाली | कार्यपालिका सदस्य |
| १६. श्री किरण गौतम | रोजगार संयोजक |

**छलफल गरिएका विषयहरु/प्रस्तावहरु**

१. सडक छनौट सम्बन्धमा ।

२. तालिम सिफारिस सम्बन्धमा ।

३. काजफिर्ता तथा सरुवा सम्बन्धमा ।

४. समपुरक योजना सम्बन्धमा ।

५. सडक मर्मत/सम्भारको लागि सडक छनोट सम्बन्धमा ।

६. आधारभुत स्वास्थ्य सेवा केन्द्रको जग्गा पास सम्बन्धमा ।

७. करार कर्मचारीको विज्ञापन खोल्ने सम्बन्धमा ।

**निर्णयहरु :**

१. **प्रस्ताव नं. १** माथि छलफल गर्दा प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको लागि मिति २०७६।०९।२१ गतेको सार्वजनिक सूचना अनुसार यस गाउँपालिका केन्द्रसँग जोडिएको तर बाह्रै महिना सडक सञ्चालन हुन नसकेका छोटो दुरी तथा कम लागतको तपसिल उल्लेखित सडकको स्तरोन्नतिका लागि छनौट गरी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउने निर्णय गरियो

**तपसिल**

बाङ्गेलाखुरी-सेता डाँडा-मलिबाङ-फारुला सडक स्तरोन्नति (१४ किलोमिटर)

२. **प्रस्ताव नं. २** माथि छलफल गर्दा श्री सूर्योदय माध्यमिक विद्यालय दार्मा-६ गोठीवन सल्यानमा छोटो अवधिको तालिम सञ्चालनका लागी विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई सिफारिस माग भएको हुँदा उक्त विद्यालयमा छोटो अवधिको तपसिल बमोजिमका तालिमहरु गर्न उपयुक्त एवं प्रभावकारी हुने देखिएको हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्णाली प्रदेश, प्रदेश कार्यालय वीरेन्द्रनगर सुर्खेतमा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

१) बेमौसमी तरकारी खेती (दुई वटा समूहका लागि) ।
२) व्यावसायिक कुखुरा पालन ।
३) ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम ।
४) व्यावसायिक च्याउ खेती तालिम ।
५) व्यावसायिक बाखापालन तालिम ।

३. **प्रस्ताव नं. ३** माथि छलफल गर्दा भल्चौर स्वास्थ्य चौकीमा काज सरुवा भई कार्यरत अ.न.मी. झरना बलीलाई दार्माकोट स्वास्थ्य चौकीमा काज फिर्ता गर्ने र दार्माकोट स्वास्थ्य चौकीमै कार्यरत अ.न.मी. झरना खड्कालाई आगामी माघ १ गतेदेखि कार्यान्वयन हुने गरी भल्चौर स्वास्थ्य चौकी रातामाटामा काज सरुवा गर्ने निर्णय गरियो ।

४. **प्रस्ताव नं. ४** माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको समपुरक अनुदानबाट सञ्चालन गर्ने गरी यस दार्मा गाउँपालिका वडा नं. ३ अन्तर्गतको बेरुखेत लिफ्ट खानेपानी आयोजनालाई थप गर्ने निर्णय गरियो ।

५. **प्रस्ताव नं. ५** माथि छलफल गर्दा सडक बोर्ड नेपाल तथा स्थानीय तहवीच सडक मर्मत कार्यको लागि फारुला-बघखोर-रामिडाँडा-सेताढाँर सडकलाई प्राथामिकता नं. १ मा राखी स्विकृतिका लागि आवश्यक कागजात संलग्न राखी सडक बोर्ड नेपाललाई अनुरोध गर्ने निर्णय गरियो । साथै सडक मर्मतको लागि यस कार्यालयबाट लागत अनुमानको २० प्रतिशत बजेट विनियोजन गर्ने निर्णय गरियो ।

६. **प्रस्ताव नं. ६** माथि छलफल गर्दा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माणका लागि दार्मा ३ धुलखर्कस्थित भागीराम राना र ओजबहादुर चन्दको नाममा रहेको क्रमशः कि.नं. ५७७ र ५७८ को जग्गा पास गर्नको लागि वडा नं. ३ का वडा अध्यक्ष सेतिराम रोकाहा र वडा सचिव मोहन बुढाथोकीलाई पठाउने निर्णय गरियो ।

७. **प्रस्ताव नं. ७** माथि छलफल गर्दा आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा गाउँपालिकाभित्रका विभिन्न स्वास्थ्य संस्थाहरुमा काम गर्नको लागि ३ जना अ.हे.व. र ३ जना अ.न.मी.को विज्ञापन गर्ने निर्णय गरियो ।